राजगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
मधेश प्रदेश, नेपाल

प.सं.: २०७८/०७९
च.नं.: ९९५

मिति :२०७९/०३/०६

विषय : विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

**श्री सामुदायिक तथा धार्मिक विद्यालयहरु सबै ,**
**राजगढ गाउँपालिका ,सप्तरी ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी ,भक्तपुरको प.स.२०७८/०७९ /शि.व्य. च.न.२५६ मिति २०७९/०२/०३ गतेको पत्रानुसार सामुदायिक तथा धार्मिक विद्यालयको सञ्चालन ,व्यवस्थापन तथा रेखदेख गर्ने प्रयोजनका लागि गठित विद्यालय व्यवस्थापन समितिको प्रचलित कानुन वमोजिम म्याद समाप्त भइसकेको भए शैक्षिक सत्र शुरु भए पछि प्रचलित कानुनमा उल्लेख भए वमोजिम म्याद भित्र विद्यालय व्यवस्थापन समिति गठन गर्नुहुन र म्याद समाप्त भएको र नियमानुसार गठन नभएको विद्यालय व्यवस्थापन समितिवाट हुने निर्णयहरु नियमसंगत नहुने भएकोले तोकिएको म्याद भित्र नै अविलम्ब विद्यालय व्यवस्थापन समिति गठन गरी सो समिति मार्फत आवश्यक कामकारवाही अगाडि बढाउने व्यवस्था हुन अनुरोध भई आएको हुँदा तहाँ विद्यालयहरुमा सोही अनुसार गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

..............
रमेश प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत

रमेश प्रसाद यादव
प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ :

श्री वाडा कार्यलय सबै ,राजगढ गाउँपालिका ,सप्तरी : आवश्यक सहयोग र सहजीकरण गर्नुहुन ।

०६१/०३/०६

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं. २८६

फोन ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

मिति: २०७९।०२।०३

विषय: विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

सबै ।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्ने प्रयोजनको लागि गठित विद्यालय व्यवस्थापन समितिको प्रचलित कानुन बमोजिम म्यांद समाप्त भइसकेको भए शैक्षिक शत्र शुरु भए पछि प्रचलित कानुनमा उल्लेख भए बमोजिम म्याद भित्र विद्यालय व्यवस्थापन समितिको गठन गर्न आवश्यक सहजीकरण गर्ने व्यवस्थाको लागि निर्देशानुसार अनुरोध छ । म्याद समाप्त भएको र नियमानुसार गठन नभएको विद्यालय व्यवस्थापन समितिबाट हुने निर्णयहरु नियमसंगत नहुने भएकोले तोकिएको म्याद भित्र नै विद्यालय व्यवस्थापन समितिको गठन गर्ने व्यवस्था मिलाइ सो समिति मार्फत आवश्यक कामकारवाही अगाडि बढाउने व्यवस्था हुन समेत अनुरोध छ ।

बोधार्थ:

श्री स्थानीय तह, सबै: आवश्यक सहजीकरण गरिदिनुहुन ।

बसन्तप्रसाद कोइराला

निर्देशक